| | **Web-Site सम्वन्धी व्यवस्था** | २७ | ३ | मन्त्रालयले तोकेको ढाँचा बमोजिम IP Address राखी web-site सञ्चालनमा ल्याएको | ✔ | | ३ | तनहूँ जिविसमा ०६५ सालदेखिनै वेभसाईट संचालनमा ल्याएको। जिविसको IP Address: | सूचना शाखाको अवलोकन गरी ईमेल वेभसाईट खोलेर |

# जिल्ला विकास समिति तनहूँ

## जिविसको आ.व. २०६९।७० को कार्य सम्पादन मापनको मूल्यांकन नतिजा तालिका

| कार्यक्षेत्र | सूचक | सूचक नं | पूर्णाङ्क | कार्यसम्पादन स्थिति | छ | छैन | प्राप्ताङ्क | सूचकको सम्बन्धमा भएको प्रगति / उपलब्धि | श्रोतहरु |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ध्मद क्त्भ तथा Official E-mail मार्फत सूचना प्रवाह गर्न जिम्मेवार कर्मचारी तोकेको | ✔ | | | www.ddctanahu.gov.np रहेको उक्त वेभसाईटमा जिविसका सम्पूर्ण गतिविधिका साथै मिति ०७०।११।२३ को परिषद्बाट स्वीकृत जिविसका नीति योजना, बजेटसारांश, विशेष निर्णयहरु, गाविस नपालाई पठाएका मार्गदर्शनहरु, कार्यक्रम तथा प्रतिवेदनहरु, कार्यविधिमा उल्लेख भए अनुसारका बिबरणहरु राखेको र वेभसाईट दैनिक, साप्ताहिक तथा सूचना उत्पादनको आधारमा अद्यावधिक गर्दै आएको पाईयो । पछिल्लो अपडेट ०७०।१२।२२ गते पनि दोस्रो चौमासिक सामाजिक सुरक्षा भत्ता पाउनेहरुको नामावली राखेर अपडेट गरेको । वेभसाईट र ईमेल मार्फत सूचना प्रवाह गर्न कम्प्यूटर अधिकृत श्री दिनेश पौडेललाई कार्य बिबरणमानै तोकेर जिम्मेवारी दिएको । सूचकमा उल्लेख भए बमोजिमका सबै बिबरणहरु वेभसाईटमा राखेको । | तथा सूचना अधिकृतसंग जानकारी लिएर एकिन गरेको |
| | | | | माथि उल्लेखित सवै विवरणहरु राखी Website नियमित रुपमा अद्यावधिक गरेको | ✔ | | | | |
| | | | | मापन तालिकाको सवै कोष्ठको छ मा ठीक ( ✔ )चिन्ह लागेमा ३ अंक, तेस्रो सहित कुनै दुई कोष्ठको छ मा ठिक ( ✔ ) चिन्ह लागेमा २ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने तर आ.व. ०६९/७० को लागि मापन तालिकाको कुनै दुई कोष्ठको छ मा ठीक ( ✔ )चिन्ह लागेमा ३ अंक र अन्य अवस्थामा ० अंक प्रदान गर्ने । | | | | | |
| | **सार्वजनिक सुनुवाई** | २८ | २ | चौमासिक अवधिमा कम्तीमा एउटा पर्ने गरी तीन पटक सार्वजनिक सुनुवाई भएको | | ✔ | ० | जिविस तनहूले आ.ब. ०६९।७० मा स्थान तोकेर सार्वजनिक सूचना जारी गरेर सार्वजनिक सुनुवाई कार्यक्रम गरेको पाईएन । मिति ०६९।५।५ र ६ गते भएको वार्षिक प्रगती समीक्षा बैठकमानै आ.ब. ०६८।६९ मा संचालित विभिन्न आयोजनाहरुको सार्वजनिक सुनुवाई गरेको भनि माईन्यूटको निर्णय नं. २ मा अभिलिखित गरेको पाईयो । | वार्षिक प्रगती समीक्षाको निर्णय पुस्तिका । |
| | | | | सार्वजनिक सुनुवाईमा आएका सुझाव उपर सम्वोधन भएको | | ✔ | | | |
| | | | | सार्वजनिक सुनुवाईमा आएका सुझाव र प्रतिक्रिया उपर जिविस वैठकमा छलफल तथा निर्णय भएको | | ✔ | | | |
| | | | | मापन तालिकाको सवै कोष्ठको छ मा ठीक ( ✔ ) चिन्ह लागेमा २ अंक, कुनै दुई कोष्ठको छ मा ठिक ( ✔ ) चिन्ह लागेमा १ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने तर आ.व. ०६९/७० को लागि मापन तालिकाको सवै कोष्ठको छ मा ठीक ( ✔ ) चिन्ह लागेमा २ अंक, कुनै दुई कोष्ठको छ मा ठिक ( ✔ ) चिन्ह लागेमा १ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने । | | | | | |
| | **सामाजिक परीक्षण** | २९ | २ | गत आ.व.को पहिलो चार महिनाभित्र सवै सरोकारवालाको उपस्थितीमा सामाजिक परीक्षण भएकोृज्ञे | ✔ | | २ | आ.ब. ०६८।६९ मा संचालन भएका आयोजना कार्यक्रमहरुको सामाजिक परीक्षण मिति ०६९।७।१९ मा जिविस सभाहलमा सम्पन्न भएको । सामाजिक परीक्षण कार्य Accountibility Initiative Pvt.Ltd. बट शेष नारायण | सामाजिक परीक्षणको माईन्यूट तथा प्रतिवेदन |
| | | | | सामाजिक परीक्षण प्रतिवेदन तयार गरी web-site मार्फत सार्वजनिक गरेको | ✔ | | | | |

# जिल्ला विकास समिति तनहूँ

**जिविसको आ.व. २०६९।७० को कार्य सम्पादन मापनको मूल्यांकन नतिजा तालिका**

| कार्यक्षेत्र | सूचक | सूचक नं | पूर्णाङ्क | कार्यसम्पादन स्थिति | छ | छैन | प्राप्ताङ्क | सूचकको सम्बन्धमा भएको प्रगति / उपलब्धि | श्रोतहरु |
|---|---|---|---|---|---|---|---|---|---|
| | मापन तालिकाको दुवै कोष्ठको छ मा ठीक ( ✔ ) चिन्ह लागेमा २ अंक र कुनै एउटा कोष्ठको छ मा ठिक ( ✔ ) चिन्ह लागेमा १ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने तर आ.व. ०६९/७० को लागि मापन तालिकाको पहिलो कोष्ठको छ मा ठीक ( ✔ ) चिन्ह लागेमा २ अंक र अन्य अवस्थामा ० अंक प्रदान गर्ने । | | | | | | | [illegible] महिनाभित्रै प्रतिवेदन दिएको पाईयो । प्रतिवेदन अनुसार सामाजिक परीक्षण कार्यक्रममा राजनीतिक दलका प्रतिनिधिहरु, कार्यालय प्रमुख, विभिन्न वर्ग र जातीको प्रतिनिधित्व गर्ने संघसंस्थाका प्रतिनिधिहरु, गैसस प्रतिनिधिहरु लगायत ३९ जनाको उपस्थिति रहेको । जिल्लामा संचालन भएका सबै पक्षका कार्यक्रमहरुको बारेमा प्रतिवेदनमा समेटिएको । सामाजिक परीक्षण कार्यक्रमको प्रतिवेदन जिविसको सूचनाकेन्द्र र वेभसाईटमा पनि राखेर सार्वजनिक गरेको । सामाजिक परीक्षण गर्ने वारेको सूचना मिति ०६९।७।१९ को (सोहि दिनको ) भञ्ज्याङ राष्ट्रिय द्रनिक पत्रिकामा सावैजनिक सूचना प्रकाशन गरी सर्वसाधारण तथा सरोकारवालालाई सूचना एवं आमन्त्रण गरेको पाईयो । | |
| | **उपभोक्ता समितिको रकम निकासा र सार्वजनिक परीक्षण** (Public Audit) | ३० | २ | प्रत्येक उपभोक्ता समितिले प्रथम तथा अन्तिम किस्तामा लिएको रकमको वारेमा सम्वन्धित उपभोक्ताहरुलाई जानकारी गराउनु पर्ने प्रावधान सम्झौतामा उल्लेख गरेको | | ✔ | २ | उपभोक्ता समितिले प्रथम किस्तामा लिएको रकमको वारेमा सम्वन्धित उपभोक्तालाई जानकारी गराउने प्रावधान अनुरुप उपभोक्तासँग सम्झौतामा निम्न कुरा उल्लेख गरेको छ, १. जुन आयोजनाकालागी निकासा भएको रकम हो साहि शिर्षकमा खर्च गर्नुपर्ने, २. विल भर्पाइ पेश गर्दा vat\pan bill मात्र मान्य हुने ३. प्राविधिक लागत इष्टिमेट तथा फरफारक लगत प्रमाणित आधारमा मात्र विल भुक्तान र फरफारक गर्ने। उपभोक्तालाई जानकारी गराउन आयोजित उपभोक्ता भेला मिति २०६९।१२।२० (पुरकोट गा. वि. स.) मा गरिएको र उक्त भेलामा ५२ जनाको उपस्थिति रहेको थियो । मिति २०६९/१२/२१ मा सार्वजनिक परिक्षण गरेको र उक्त भेलामा ३९ जनाको उपस्थिति रहेको देखिन्छ । सार्वजनिक परिक्षणको प्रतिवदेन प्राप्त नभई फर फराक गरेको देखिदैन । | सार्वजनिक परिक्षणको उपस्थिति निर्णय पुस्तिका |
| | | | | सम्वन्धित उपभोक्ताहरुलाइ जानकारी गराएको प्रमाणको आधारमा जिविसले रकम निकासा गरेको | ✔ | | | | |
| | | | | आयोजना फरफारक गर्दा सार्वजनिक परीक्षणको प्रतिवेदन प्राप्त गरेको | ✔ | | | | |
| | मापन तालिकाको सवै कोष्ठको छ मा ठीक ( ✔ ) चिन्ह लागेमा २ अंक, कुनै दुई कोष्ठको छ मा ठीक ( ✔ ) चिन्ह लागेमा १ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने तर आ.व. ०६९/७० को लागि मापन तालिकाको कुनै दुई कोष्ठको छ मा ठीक ( ✔ ) चिन्ह लागेमा २ अंक र अन्य अवस्थामा ० अंक प्रदान गर्ने । | | | | | | | | |
| | **लैंगिक उत्तरदायी बजेट** | ३१ | २ | लैंगिक उत्तरदायी तथा समावेशी बजेट कार्यक्रम तर्जुमा गरेको | ✔ | | २ | **<u>०७०।७१ को कार्यक्रम तथा बजेटको मोटामोटि स्वरुप</u>** जिविस, जिल्ला शिक्षा कार्यालय, घरेलु उद्योग विकास समिति, महिला विकास कार्यक्रम, स्थानीय विकास कोष लगायतबाट संचालन हुने गरी जिल्ला विकास योजनामा समावेस भएका र चालु आ.ब. मा कार्यान्वयनमा रहेका पाइएका लैङ्गिक उत्तरदायी तथा समावेसि बजेट, योजना तथा कार्यक्रमहरु निम्न अनुसार ,विश्लेषण गरिएको छ । | जिल्ला परिषद्बाट स्वीकृत आ.ब. ०७०।७१ को बजेट तथा कार्यक्रम पुस्तिका । |
| | | | | कार्यक्रम तथा बजेट अनुरुप योजना कार्यान्वयन गरेको | ✔ | | | | |

# जिल्ला विकास समिति तनहूँ

**जिविसको आ.व. २०६९।७० को कार्य सम्पादन मापनको मूल्यांकन नतिजा तालिका**

| कार्यक्षेत्र | सूचक | सूचक नं | पूर्णाङ्क | कार्यसम्पादन स्थिति | छ | छैन | प्राप्ताङ्क | सूचकको सम्बन्धमा भएको प्रगति / उपलब्धि | श्रोतहरु |
|---|---|---|---|---|---|---|---|---|---|
| मन मूल्यांकन, सञ्चार र पारदर्शिता | | | | लैगिक उत्तरदायी तथा समावेशी बजेट परीक्षण गरेको | | ✔ | | १. जिविस अनुदानबाट महिलालाई फाईदा पुग्ने योजनाहको लागि रु ६,८५,०००। २. घरेलु तथा साना उद्योग विकास समिति अन्तर्गत महिला, दलित, जनजातीलाईं उद्यम विकास सम्बन्धी तालीम रु. ४,००,०००। ३. जिविस,गाविस,नपा, पर्यटन विकास समितिको साझेदारीमा ७ गाविसका ४०० जनालाईहोमस्टे व्यवस्थापन तालीम रु.३,५०,०००। ४. सामाजिक समिति अन्तर्गत शिक्षा कार्यालयबाट संचालन हुने कार्यक्रममा गृहिणी विद्यालय, प्रौढ छात्रा शौचालय, महिला शिक्षा द्धितीय, आयआर्जन कार्यक्रम लगायतको लागि रु. ३०,८२,७३०। ५. महिला तथा बालबालिका कार्यालयबाट संचालन हुने कार्यक्रमहरुमा महिला शसक्तिकरण, लैङ्गिक हिंसा विरुद्धको तालीम, लगायत, ७ वटा महिला जागरण र शसक्तिकरण सम्बन्धी कार्यक्रममा रु. ५१,०८,०००। ६. महिलाव्दारा प्रविर्द्धित सहकारी संस्थाहरुको पूर्वाधार निर्माणमा सहयोग, आयमूलक तालीम तथा एकल महिला आर्थिक शर्सक्तिकरणकोलागि ३७,००,०००। ७. जिविस, गाविसको साझेदारीमा स्थानीय विकास कोषबाट संचालन हुने २७२४ जनालाई विभिन्न १६ प्रकारका महिला लैङ्गिक शसक्तिकरण सम्बन्धी तालीम कार्यक्रमको लागि रु. २०,४५,०००। उल्लेखित लैङ्गिक उत्तरदायी तथा समावेसि बजेट, योजना तथा कार्यक्रमहरु चालु आ.ब. मा कार्यान्वयनमा रहेको पाईएको छ भने आ.ब. ०६९।७० मा लैङ्गिक उत्तरदायी तथा समावेसि बजेट, परीक्षण गरे गराएको भने पाईएन । | |
| | मापन तालिकाको सवै कोष्ठको छ मा ठीक ( ✔ ) चिन्ह लागेमा २ अंक, कुनै दुई कोष्ठको छ मा ठीक ( ✔ ) चिन्ह लागेमा १ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने तर आ.व. ०६९/७० को लागि मापन तालिकाको कुनै दुई कोष्ठको छ मा ठीक ( ✔ ) चिन्ह लागेमा २ अंक र अन्य अवस्थामा ० अंक प्रदान गर्ने । | | | | | | | | |
| | **अनुगमन तथा मूल्यांकन र प्रतिवेदन** | **३२** | **३** | सुपरिवेक्षण तथा अनुगमन समिति गठन भएको | ✔ | | ३ | तनहूँ जिल्लाका स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधिको दफा ३३ (३)बमोजिम ३ वटा निर्वाचन क्षेत्रका गाविसहरुमा अनुगमन गर्न मिति ०७०।३।४ मा स्थाविअ को अध्यक्षतामा बसेको बैठकले ३ वटा अनुगमन समितिहरु गठन गरी अनुगमन कार्य गरेको । क्षेत्र नं. १ मा कार्यक्रम अधिकृत ऋषिभक्त वाग्लेको संयोजकत्वमा १० सदस्यीय टोलिले ५ गाविसका सबै विषय क्षेत्रका १५ वटा योजनाहरुको अनगमन गरी मिति | सूचना तथा अभिलेख शाखामा रहेको गाविसहरुको अनुगमन प्रतिवेदन अध्ययन । |
| | | | | जिविसले कम्तीमा २० प्रतिशत गाविसहरुको स्थलगत अनुगमन गरी लिखित प्रतिवेदन पेश भएको | ✔ | | | | |
| | | | | आयोजना कार्यक्रमको नियमित अनुगमन गरी चौमासिक रुपमा प्रतिवेदन पेश गरेको | | ✔ | | | |
| | | | | गाविस तथा जिविसका आयोजना कार्यक्रमको अनुगमन प्रतिवेदन उपर जिविस वोर्डमा छलफल तथा निर्णय भएको | | ✔ | | | |

# जिल्ला विकास समिति तनहूँ

**जिविसको आ.व. २०६९।७० को कार्य सम्पादन मापनको मूल्यांकन नतिजा तालिका**

| कार्यक्षेत्र | सूचक | सूचक नं | पूर्णाङ्क | कार्यसम्पादन स्थिति | छ | छैन | प्राप्ताङ्क | सूचकको सम्बन्धमा भएको प्रगति / उपलब्धि | श्रोतहरु |
|---|---|---|---|---|---|---|---|---|---|
| अनुग | मापन तालिकाको सवै कोष्ठको छ मा ठीक ( ✔ ) चिन्ह लागेमा ३ अंक, पहिलो र चौथो सहित कुनै तीन कोष्ठको छ मा ठिक चिन्ह ( ✔ ) लागेमा २ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने तर आ.व. ०६९/७० को लागि मापन तालिकाको दुई कोष्ठको छ मा ठीक ( ✔ ) चिन्ह लागेमा ३ अंक, कुनै एक कोष्ठको छ मा ठिक चिन्ह ( ✔ ) लागेमा २ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने । | | | | | | | ०७०।३।२५ मा प्रतिवेदन दिएको । त्यस्तै २ नं. क्षेत्रको लागि ईन्जीनीयर शुसिल श्रेष्ठको संयोजकत्वमा गठन भएको ७ सदस्यीय समितिले व्यास नगरपालिका र ६ वटा गाविसका १४ वटा योजनाको अनुगमन गरी मिति ०७०।३।२३ मा प्रतिवेदन दिएको । त्यस्तै निर्वाचन क्षेत्र नं. ३ को लागि यो.अ.तथा प्र.अ. श्री गणेश घिमिरेको संयोजकत्वमा गठित समितिले १० वटा गाविसका १४ वटा योजनाको अनुगमन गरी मिति ०७०।३।२५ मा प्रतिवेदन दिएको । कुल ४६ गाविस र १ नपा मध्ये १ नपा र २१ गाविसको अनुगमन गरेको प्रतिवेदन जिल्ला विकास समितिको कार्यालयमा प्राप्त भएको तर उल्लेखित प्रतिवेदनहरु जिविस बोर्ड बैठकमा पेश भई छलफल र निर्णयहरु भएको भने पाईएन । | |
| | **आयोजनाको जाँचपास तथा फरफारक** | ३३ | २ | गत आ.व.मा संचालन भएका सवै आयोजनाहरुको सोही आ.व. भित्र फरफारक भएको | | ✔ | २ | जिविस तनहूँले आ.ब. ०६९।७० मा जम्मा २०० वटा योजना सम्झौता लगरेकोमा १८० वटा सोहि आ.ब. मा सम्पन्न भएको तथा उक्त आ.ब. मा विगत आ.ब.हरुको सम्पन्न हुन बाँकी योजना सहित जम्मा ५५७ वटा योजनाहरु सम्पन्न भई जाचपास फरफारक गरेको जाँचपास फरफारक निर्णय रजिष्टरबाट देखिएको । जाचपास फरफारक भएका योजनाको तथ्यांक हेर्दा क्रमागत योजनाहरुको संख्या धेरै रहेको पाईएको पाईएकोले तोकिएको समयभित्र धेरै योजनाहरु सम्पन्न हुने गरेको पाईएन । | जाचपास रजिष्टर लगायत योजना शाखा र लेखा शाखामा रहेका अभिलेखहरु |
| | | | | आयोजना सम्पन्न भई लिखित जानकारी प्राप्त भएको मितिले सोहि आ.व.को तीस दिन भित्र जाचपास फरफारक गरेको | ✔ | | | | |
| | | | | सम्पन्न भएका आयोजनाहरु सुसंचालनको लागि सरोकारवालाहरुलाई हस्तान्तरण गरेको | ✔ | | | | |

# जिल्ला विकास समिति तनहूँ

**जिविसको आ.व. २०६९।७० को कार्य सम्पादन मापनको मूल्यांकन नतिजा तालिका**

| कार्यक्षेत्र | सूचक | सूचक नं | पूर्णाङ्क | कार्यसम्पादन स्थिति | छ | छैन | प्राप्ताङ्क | सूचकको सम्बन्धमा भएको प्रगति / उपलब्धि | श्रोतहरु |
|---|---|---|---|---|---|---|---|---|---|
| | मापन तालिकाको सवै कोष्ठको छ मा ठीक ( ✔ ) चिन्ह लागेमा २ अंक, दोश्रो र तेस्रो कोष्ठको छ मा ठिक ( ✔ ) चिन्ह लागेमा १ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने तर आ.व. ०६९/७० को लागि मापन तालिकाको कुनै दुई कोष्ठको छ मा ठीक ( ✔ ) चिन्ह लागेमा २ अंक र अन्य अवस्थामा ० अंक प्रदान गर्ने । | | | | | | | सम्पन्न भएका योजनाहरुका जानकारी जिविसमा प्राप्त भएका ३० दिनभित्रै प्राविधिकबाट भएगरेका कामको मुल्यांकन, सार्वजनिक परीक्षण र जाचपास फरफारक प्रक्रिया पूरा हुने गरेको योजना शाखा र आ.प्र. शाखामा रहेका अभिलेखको अध्ययनबाट देखिन आएको । आ.ब. ०६९।७० मा जाचपास फरफारक भएका योजनाहरु फरफारकको पत्र सहित उपभोक्ता समितिलाई विधिवत रुपमा हस्तान्तरण गर्ने गरेको । आ.ब. ०६९।७० मा सबैभन्दा पछि मिति ०६९।३।३० मा बसेको जाचपास फरफारक समितिको बैठकले १३ वटा योजनाहरुको जाचपास फरफारक गर्ने निर्णय गरेको निर्णय रजिष्टरबाट देखिएको । | |
| | **आयोजना तथा कार्यक्रमहरुको प्रभाव मूल्यांकन** | ३४ | २ | तोकिएको अवधि पुरा भएका सवै आयोजनाहरुको प्रभाव मुल्यांकन गरिएको | | ✔ | ० | यस तनहूँ जिल्लामा आ.ब. ०६९।७० भन्दा २ वर्ष अगाडीदेखि सम्पन्न भएका रु. २ करोड भन्दा बढस लागतका योजना नभएको । ०६९ सालमा ग्राभेलसम्म पूरा भएका २ वटा सडक निर्माण योजनाहरु रु. २ करोडभन्दा बढी लागतका भएको पाईएको । | MCPM Focal Person र योजनाशाखाबाट प्राप्त जानकारी |
| | | | | मुल्याकंनमा गरिवी न्यूनिकरण, उत्पादन तथा रोजगारी र पर्यावरणको क्षेत्रमा पारेको प्रभाव अध्ययन भएको | | ✔ | | | |
| | नोट : प्रभाव मूल्याँकन भन्नाले संचालित आयोजनाले त्यस क्षेत्रका जनताको दैनिक जीवनयापनमा के कस्तो परिवर्तन ल्यायो, रोजगारीको अवसर, गरिवी न्यूनिकरणको अवस्था, सेवा सुविधाहरुको पहुँचमा सुलभता लगायत त्यस आयोजनाले सामाजिक, वातावरण तथा पर्यावरणका क्षेत्रमा पारेको असर र तिनका निदानका उपाय लगायतका विषयवस्तु समेटी तयार गरिएको विस्तृत अध्ययनलाई जनाउदछ ।<br>मापन तालिकाको सवै कोष्ठको छ मा ठीक ( ✔ ) चिन्ह लागेमा २ अंक, कुनै एक कोष्ठको छ मा ठीक ( ✔ ) चिन्ह लागेमा १ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने । | | | | | | | | |
| | **सामाजिक सुरक्षा कार्यक्रम** | ३५ | ३ | चालु आ.व.मा सामाजिक सुरक्षा भत्ता पाउनेहरुको अद्यावधिक विवरण गत आ.व.को माघ मसान्त सम्म मन्त्रालयमा पठाएको | ✔ | | २ | आ. व. २०७०/७१ मा सामाजिक सुरक्षा भत्ता पाउनेको विवरण मिति २०६९।१०।१५ (च.न. २११८) हुलाक र कुरियर मार्फत मन्त्रालयमा पठाएको देखिन्छ । उक्त विवरण अनुसार भत्ता पाउनेहरुको समूहगत संख्या जेष्ठ नागरिक अन्य १२११८, | |
| | | | | प्रत्येक चौमासिक अवधिको लगत कट्टा समेत गरिएको विवरण प्रत्येक चौमासिकमा र सो को वार्षिक लगत कट्टा वाषिक प्रगति विवरणका साथ मन्त्रालयमा पठाएको | | ✔ | | | |
| | | | | नियमले तोके बमोजिमको समयभित्र पेश्की फछ्यौट भएको | | ✔ | | | |

# जिल्ला विकास समिति तनहूँ

**जिविसको आ.व. २०६९।७० को कार्य सम्पादन मापनको मूल्यांकन नतिजा तालिका**

| कार्यक्षेत्र | सूचक | सूचक नं | पूर्णाङ्क | कार्यसम्पादन स्थिति | छ | छैन | प्राप्ताङ्क | सूचकको सम्बन्धमा भएको प्रगति / उपलब्धि | श्रोतहरु |
|---|---|---|---|---|---|---|---|---|---|
| | मापन तालिकाको सवै कोष्ठको छ मा ठीक ( ✔ ) चिन्ह लागेमा ३ अंक, पहिलो सहित कुनै दुई कोष्ठको छ मा ठिक ( ✔ ) चिन्ह लागेमा २ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने तर आ.व. ०६९/७० को लागि मापन तालिकाको दुई कोष्ठको छ मा ठीक ( ✔ ) चिन्ह लागेमा ३ अंक, कुनै एक कोष्ठको छ मा ठिक चिन्ह ( ✔ ) लागेमा २ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने । | | | | | | | ४४८९, ६० मुनिका विधुवा एकल मा ५०१९, पूर्ण अशक्त अपाङ्ग ४२६, आंशिक अशक्त अपाङ्ग १००, लोपोन्मुख आदिवासी जनजाति कसुण्डा ३ सहित २६५९२ र बाल संरक्षण ४४४९ गरी कुल ३१०४१ देखिन्छ । प्रत्येक चौमासिक अवधिको लगत कट्टा गरिएको विवरण प्रत्येक चौमासिकमा मन्त्रालयमा पठाएको देखिदैन। नियमले तोकेको समयभित्र फछ्र्यौट हुन नसकेको पेश्की रकम रु. १,८१,१४,८६।- बाँकी देखिन्छ । | चैमासिक तथा वार्षिक प्रगती विवरण सा. सु. गा. वि. स. मा भत्ता पाउनेहरुको अद्यावधिक विवरण व्ज्ञछद्द |
| | **व्यक्तिगत घटना दर्ता विवरणको अभिलेख व्यवस्थापन** | **३६** | **२** | व्यक्तिगत घटना दर्ता ( जन्म, मृत्य, विवाह, वसाई सराई तथा सम्वन्ध विच्छेद ) को लागि जिम्मेवार कर्मचारी तोकेको | ✔ | | २ | व्यक्तिगत घटना दर्ताका लागि इन्द्र प्र. खनाल (ना. सु.) लाई जिम्मेवारी तोकिएको देखिन्छ। व्यक्तिगत घट्ना दर्ता ( जन्म,मृत्यू, विवाह, वसाइ सराइ तथा सम्वन्ध विच्छेद)को मासिक रुपमा गा.वि.स.तथा नगरपालिकावाट प्रतिवेदन प्राप्त नहुने हुदा अभिलेख अद्यावधिक नगरेको। मासिक प्रतिवेदन ०६९ श्रावणको ०६९ भाद्र ७ (च.न. ३३३), भाद/आशिवन को कातिक १५ मा(च.न.१०४६,१०४७), कार्तिक महिनाको मंसिर ७मा (च.न.११८८) मंसिर महिनाको पौस ६मा(च.न.१४०९), पौषको माघ ७( च.न.१७५३), माघ को फागुन ८मा (च.न.२८८३), फागुनको चैत्र ५ (च.न. ३०५०) चैत्र को वैसाख १९ (च.न. ३६१९) २०७० वैसाख महिनाको जेष्ठ ७ मा(च.न. ३८३२) जेष्ठका/आषाढ महिनाको श्रावण १४मा(च.न.१५३,१५४) र वार्षिक प्रतिवेदन मन्त्रालयमा मिति २०७० श्रावण १४ ( च.न. १५६) हुलाक तथा कुरियर मार्फत पठाएको देखिन्छ । ५ वटै घटना दर्ताको वार्षिक प्रतिवेदन अनुसारको संख्या जन्मदर्ता १९१५, विवाह ४६८०, बसाई सराई ९९२, सम्बन्ध विच्छेद १२ गरी जम्मा २१०२५ रहेको देखिन्छ । | मन्त्रालयमा पठाएको प्रगती प्रतिवेदनको कार्यालय प्रति ( ओ. सि. कपी), जिम्मेवारी तोकिएको पत्र |
| | | | | व्यक्तिगत घटना दर्ता ( जन्म, मृत्य, विवाह, वसाई सराई तथा सम्वन्ध विच्छेद ) को मासिक रुपमा गाविस तथा नगरपालिकाबाट प्रतिवेदन प्राप्त गरी अभिलेख अद्यावधिक गरेको | | ✔ | | | |
| | | | | मासिक तथा वार्षिक प्रतिवेदन मन्त्रालयमा पठाएको | ✔ | | | | |
| | मापन तालिकाको सवै कोष्ठको छ मा ठीक ( ✔ ) चिन्ह लागेमा २ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने तर आ.व. ०६९/७० को लागि मापन तालिकाको कुनै दुई कोष्ठको छ मा ठीक ( ✔ ) चिन्ह लागेमा २ अंक र अन्य अवस्थामा ० अंक प्रदान गर्ने । | | | | | | | | |
| | **जिल्ला गरिवी तथा** | **३७** | **१** | DPMAS सफ्टवेयर जडान गरिएको | ✔ | | १ | DPMAS Software ०६८ सालमा जडान गरेको र | DPMAS को वार्षिक |

# जिल्ला विकास समिति तनहूँ

**जिविसको आ.व. २०६९।७० को कार्य सम्पादन मापनको मूल्यांकन नतिजा तालिका**

| कार्यक्षेत्र | सूचक | सूचक नं | पूर्णाङ्क | कार्यसम्पादन स्थिति | छ | छैन | प्राप्ताङ्क | सूचकको सम्बन्धमा भएको प्रगति / उपलब्धि | श्रोतहरु |
|---|---|---|---|---|---|---|---|---|---|
| | **विश्लेषण प्रणाली(DPMAS)सञ्चालन** | | | गरिवी विश्लेषण गरी गत आ.व. सम्मको विवरण चालु आ.व.को श्रावण मसान्त भित्र मन्त्रालय र राष्टिय योजना आयोगमा पठाएको | ✔ | | | ०६८।६९ को DPMAS प्रतिवेदन च.नं. २८३७ मिति ०६९।११।९ को पत्रबाट रायोआ र स्थानीय विकास मन्त्रालयमा पठाएको साथै ०६९।७० को प्रतिवेदन च.नं. १४७० मिति ०७०।९।८ को पत्रबाट स्थानीय विकास मन्त्रालय र च.नं.१४७१ मिति ०७०।९।८ को पत्रबाट रायोआ मा पठाएको अभिलेखबाट देखिएको । | प्रतिवेदन तथा सूचना केन्द्र |
| | मापन तालिकाको दुवै कोष्ठको छ मा ठीक ( ✔ ) चिन्ह लागेमा १ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने तर आ.व. ०६९/७० को लागि मापन तालिकाको कुनै एक कोष्ठको छ मा ठीक ( ✔ ) चिन्ह लागेमा १ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने । | | | | | | | | |
| अनुगमन मुल्यांकन, सञ्चार र पारदर्शिता कार्यक्षेत्रको जम्मा | | | | | | | १९ | उक्त कार्यक्षेत्रमा सफल भएको | |
| **संगठन व्यवस्थापन र कार्य जिम्मेवारी** | **संगठन विकास(OD)अध्ययन दण्ड र पुरस्कार** | ३८ | ३ | संगठन विकास (OD) अध्ययन वा संरचनागत लेखाजोखा अद्यावधिक भएको | | ✔ | २ | नगर विकास प्रशिक्षण केन्द्र पोखराको सहयोगमा २०६२ सालमा तयार गरी कार्यान्वयनमा ल्याएको संगठन विकास योजनाको अवधि समाप्त भैसकेको हुदा आ.व. ०७०।७१ मा अद्यावधिक गर्न बजेट विनियोजन भएको र अद्यावधिक गर्ने काम Multiproblem Solution Consultant को प्राविधिक सहयोगमा मसौदा प्रतिवेदन तयार भैसकेको तर जिल्ला परिषद्बाट स्वीकृत भैसकेको अवस्था पाईएन । सबै शाखाका कर्मचारीहरुको कार्यबिबरण बनाई लागू गरेको र MCPM को सूचक समेतका आधारमा कर्मचारीलाई कार्यबिबरण तोकेको पत्र निम्न अनुसार दिएको : आ.ब. ०६९।७० मा माथि MC सूचक नं. ९ मा उल्लेख भए बमोजिमका कर्मचारीहरुलाई मिति ०६९।८।१४ मा कार्यबिबरण बुझाएको । आ.ब. ०६९।७० मा जिल्ला विकास समितिको सिफारिस र जिल्ला परिषद्को निर्णयानुसार जिल्ला विकास समितिको कार्यालयका कार्यालय सहयोगिदेखि अन्य कर्मचारी र जिल्ला प्राविधिक कार्यालयका अधिकृत स्तरका कर्मचारी सहित १२ जनालाई पुरस्कृत गरेको पाईयो । पुरस्कृत गर्ने ठोस आधार र सूचक बनाएको पाईएन तर कार्य सम्पादनमा राम्रो देखिएका कर्मचारीलाई छनौट गरेको मौखिक जानकारी प्राप्त गरेको । | परिषद्को निर्णय र प्रशासन शाखामा रहेको अभिलेखहरु |
| | | | | कर्मचारीको कार्य विवरण (Job Description) वनाई लागू गरेको | ✔ | | | | |
| | | | | MCPM को सूचक समेतका आधारमा शाखागत रुपमा कर्मचारीहरुको जिम्मेवारी तोकेको | ✔ | | | | |
| | | | | कार्य विवरणका आधारमा सूचक वनाई कर्मचारीहरुको मूल्यांकन गरी दण्ड र पुरस्कार प्रणाली लागू गरेको | | ✔ | | | |
| | मापन तालिकाको सवै कोष्ठको छ मा ठीक ( ✔ ) चिन्ह लागेमा ३, कुनै तीन कोष्ठको छ मा ठिक ( ✔ ) चिन्ह लागेमा २ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने तर आ.व. ०६९/७० को लागि मापन तालिकाको कुनै तीन कोष्ठको छ मा ठीक ( ✔ ) चिन्ह लागेमा ३, कुनै दुई कोष्ठको छ मा ठिक ( ✔ ) चिन्ह लागेमा २ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने । | | | | | | | | |
| | **सम्पत्ति विवरण** | ३९ | २ | निजामति सेवाका सवै कर्मचारीहरुले तोकेको समय भित्र सम्पत्ति विवरण पेश गरि निजामति किताव खानामा पठाएको | | ✔ | १ | सबै राष्ट्रसेवक कर्मचारीले आफ्नो र आफ्ना परिवारका सदस्यको नाममा रहेको चल अचल सम्पत्ति सहितको | प्रशासन शाखामा रहेका चलानी पत्रहरु त्था पत्र |

# जिल्ला विकास समिति तनहूँ

**जिविसको आ.व. २०६९।७० को कार्य सम्पादन मापनको मूल्यांकन नतिजा तालिका**

| कार्यक्षेत्र | सूचक | सूचक नं | पूर्णाङ्क | कार्यसम्पादन स्थिति | छ | छैन | प्राप्ताङ्क | सूचकको सम्बन्धमा भएको प्रगति / उपलब्धि | श्रोतहरु |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | स्थानीय निकायका सवै कर्मचारीहरुले तोकेको समय भित्र सम्पत्ति विवरण पेश गरि मन्त्रालयले तोकेको निकायमा पठाएको | ✔ | | | सम्पत्ति बिबरण फाराम प्रत्येक आ.व.शुरु भएको ६० दिनभित्र भरी निजामती किताब खानामा पठाउनु पर्ने कानूनी व्यवस्था छ। यस जिविसका आ.ब. ०६९।७० को नेपाल सरकार तर्फका कर्मचारीहरुको सम्पत्ति बिबरण तोकिएको समयावधिभित्रै सोझै स्थानीय विकास मन्त्रालयमा बुझाएको र गाविस सचिवहरुको सम्पत्ति बिबरण आफैले निजामती किताब खानामा पठाएको। स्थानीय निकायको सेवाका कर्मचारीहरुको सम्पत्ति बिबरण फारम भरी कार्यालयमानै संकलन गरी रजिष्टरमा दर्ता गरेर ऐनले तोकिदिएको म्यादभित्र दर्ता भएका सम्पत्ति बिबरण फाराम रजिष्टर सहित स्थानीय विकास मन्त्रालयमा पठाएको। सोमध्ये गतवर्षको सम्पत्ति बिबरण फाराम समयमा नबुझाएका गाविस सचिव २ जना र लेखा अधिकृत उज्वल पन्थीले जरिवाना बुझाएको पाईयो। | बुझाएको भपाइ |
| | मापन तालिकाको दुवै कोष्ठको छ मा ठीक (✔) चिन्ह लागेमा २ अंक, कुनै एक कोष्ठको छ मा ठीक (✔) चिन्ह लागेमा १ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने | | | | | | | | |
| | **गाविसको न्यूसकास मापन** | ४० | २ | तोकिएको समयमा मूल्यांकनकर्ता छनौट गरी सवै मूल्यांकनकर्तालाई अनुशिक्षण गराएको | ✔ | | २ | गाविसको न्यूसशाश मापनको लागि मिति ०६९।४।३२ मा वित्तीय आयोगबाटै कान्तिपुर दैनिक पत्रिकामा सूचना प्रकाशन गरी मुल्यांकन कर्ताहरुको दरखास्त माग गरेकोमा यस तनहूँ जिल्लामा १४ जना मुल्यांकनकर्ताको मात्र दरखास्त पर्न आएको। मुल्यांकनकर्ता छनौट समितिको मिति ०६९।६।१९ को निर्णयबाट १३ जना मुल्यांकनकर्ताहरु छनौट गरेको। ४६ गाविसलाई १३ समूहमा विभाजन गरी मिति ०६९।७।१४ र १५ मा प्रशिक्षण दिएको र प्रशिक्षण अवधिमानै सम्झौता गरी ०६९।८।१० गतेभित्र कार्य सम्पन्न गरी प्रतिवेदन बुझाईसक्नुपर्ने म्याद तोकिदिएको। मिति ०६९।९।२३ मा गाविसको :ऋएः बाट प्राप्त हुन आएको पाना ३ को नतीजा वित्तीय आयोगमा पठाएको साथै गुणस्तर सुश्चितता परीक्षणको लागि छनौट भएका गाविसहरुको मुल्यांकनकर्ताबाट प्राप्त भएको सक्कलै प्रतिवेदन मिति ०६९।९।२६ मा वित्तीय आयोगमा पठाएको। गाविसको गुणस्तर सुश्चितताको प्रतिक्रिया च.नं. २९३५ मिति ०६९।११।२० को पत्रबाट वित्तीय आयोगमा पठाएको जिविसमा रहेको गाविसको MCP: सम्बन्धी अभिलेखहरुबाट एकिन गरिएको। | सूचना शाखामा रहेको गाविसको न्यूसकाश सम्बन्धी अभिलेख |
| | | | | मूल्यांकनकर्तावाट प्रतिवेदन प्राप्त गरी प्रतिक्रिया दिएको | ✔ | | | | |
| | | | | अन्तिम प्रतिवेदन तोकिएको समयमा सचिवालयमा पठाएको | ✔ | | | | |
| | मापन तालिकाको सवै कोष्ठको छ मा ठीक (✔) चिन्ह लागेमा २ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने तर आ.व. ०६९/७० को लागि मापन तालिकाको कुनै दुई कोष्ठको छ मा ठीक (✔) चिन्ह लागेमा २ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने। | | | | | | | | |

# जिल्ला विकास समिति तनहूँ

**जिविसको आ.व. २०६९।७० को कार्य सम्पादन मापनको मूल्यांकन नतिजा तालिका**

| कार्यक्षेत्र | सूचक | सूचक नं | पूर्णाङ्क | कार्यसम्पादन स्थिति | छ | छैन | प्राप्ताङ्क | सूचकको सम्बन्धमा भएको प्रगति / उपलब्धि | श्रोतहरु |
|---|---|---|---|---|---|---|---|---|---|
| | **कर्मचारीहरुको बैठक** | ४१ | १ | प्रत्येक चौमासिक अवधिमा कम्तिमा एउटा पर्ने गरि वर्षमा कम्तीमा ३ वटा बैठक बसेको | | ✔ | ० | आ.ब. ०६९।७० मा कर्मचारी बैठक मिति ०६९।४।४, १०।२२, ११।११ समेत ३ पटक बसेको । ०६९।४।४ को बैठकमा ODF घोषणा गर्ने कार्यक्रम सफल पार्न आआफ्नो क्षेत्रबाट सहयोग गर्न अपिल गरेको र कासमु फाराम र सम्पत्ति बिबरण फाराम तोकिएको समयमा भरी पेश गरी सक्ने निर्णय गरेको । ०६९।१०।२२ को बैठकले कार्य बिबरण अनुसारको काम तथा जिम्मेवारी प्रभावकारी रुपले संचालन गर्ने निर्णय गरेको । ०६९।११।११ मा बसेको बैठकले जिल्ला परिषद्को तयारी र संचालन गर्ने विषयमा कर्मचारीलाई जिम्मेवारीको वाडफाड गरेको पाईयो । आ.ब. भरीमा ३ वटा बैठक बसेको भएतापनि पहिलोमा १ पटक र दोस्रोमा २ पटक बसेको तर तेस्रो चौमासिक अवधिमा बैठक बसेको पाईएन । अघिल्लो बैठकका निर्णयहरुको पुनरावलोकन गर्ने गरेको निर्णय पुस्तिकाबाट देखिएन । | कर्मचारी बैठकको निर्णय पुस्तिका |
| | | | | अघिल्लो बैठकबाट भएका निर्णयहरुको कार्यन्वयन समेत गरि आवश्यक निर्णय भएको | | ✔ | | | |
| | मापन तालिकाको सबै कोष्ठको छ मा ठीक ( ✔ ) चिन्ह लागेमा १ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने तर आ.व. ०६९/७० को लागि मापन तालिकाको कुनै एक कोष्ठको छ मा ठीक ( ✔ ) चिन्ह लागेमा १ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने । | | | | | | | | |
| | **गुनासो सुन्ने अधिकारी र सोधपुछ कक्षको व्यवस्था** | ४२ | २ | सोधपुछ कक्षको स्थापना गरी कार्य संचालन गरेको | ✔ | | ० | मिति ०६९।१०।१९ चनं. २३४८ लको पत्रबाट यो तथा प.अ. श्री गणेश घिमिरेलाई गुनासो सुन्ने अधिकारी तोकिएको । हेल्प डेस्क र सोधपुछ कक्ष दर्ता चलानीफाँटसंगै स्थापना गरेको । दर्ता शाखामा कार्यरत डोजर हेल्पर शम्भू कपाडीलाई सोधपुछ कक्षमा सहयोगिको काम गर्न तोसकिएको । गुनासाहरु प्राय मौखिक र टेलिफोनबाट प्राप्त हुने र तत्काल समाधान गर्नु पर्ने हुदा त्यसको लिखित अभिलेख नरहेको गुनासो सुन्ने अधिकारी गणेश घिमिरेको पाईएको । | हेल्प डेस्कको अवलोकन, प्रशासन शाखामा रहेको अभिलेख तथा योजना अनुगमन तथा प्रशासकीय अधिकृतसंगको छलफल, कुराकानी । |
| | | | | गुनासो सुन्ने अधिकारी तोकेको | ✔ | | | | |
| | | | | प्राप्त गुनासोहरुको अभिलेखीकरण र सो उपर कारवाही भएको | | ✔ | | | |
| | मापन तालिकाको तीन वटै कोष्ठको छ मा ठीक( ✔ ) चिन्ह लागेमा २ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने | | | | | | | | |
| | **क्षमता विकास योजना** | ४३ | १ | क्षमता विकास योजना तयार गरी अद्यावधिक ( ३ वर्षमा) गरेको | | ✔ | ० | तनहूँ जिल्ला विकास समितिले क्षमता विकास योजना २०६६ स्वीकृत गरी कार्यान्वयन गर्दै आएको र ०६८ मा शंसोधन गरी मिति ०६८।११।१५ को परिषद्बाट स्वीकृत गरेको । जिल्ला परिषद्को निर्णय पुस्तिका अनुसूची २ विशेष निर्णयको निर्णय नं. ८ मा समावेस गरेको तर उक्त क्षमता विकास योजनाको ३ वर्षे समयावधि आ.ब. ०६९।७० मा समाप्त भैसकेको र नयाँ क्षमता विकास योजना बनाएर कार्यान्वयनमा ल्याएको पाईएन | MCPM Focal Person |
| | | | | क्षमता विकास योजनाका कार्यक्रम परिषदवाट स्वीकृत गरि विनियोजित वजेटको कम्तिमा ८० प्रतिशत खर्च भएको | | ✔ | | | |
| | मापन तालिकाको दुवै कोष्ठको छ मा ठीक ( ✔ ) चिन्ह लागेमा १ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने । | | | | | | | | |

# जिल्ला विकास समिति तनहूँ

**जिविसको आ.व. २०६९।७० को कार्य सम्पादन मापनको मूल्यांकन नतिजा तालिका**

| कार्यक्षेत्र | सूचक | सूचक नं | पूर्णाङ्क | कार्यसम्पादन स्थिति | छ | छैन | प्राप्ताङ्क | सूचकको सम्बन्धमा भएको प्रगति / उपलब्धि | श्रोतहरु |
|---|---|---|---|---|---|---|---|---|---|
| | **गा.वि.स.मा सामाजिक परिचालन** | ४४ | २ | सामाजिक परिचालन सञ्चालन भएका गा.वि.स.का सवै वडामा वडा नागरिक मञ्च स्थापना भई क्रियाशील भएको | ✔ | | २ | तनहूँ जिल्लाका ४६ गाविसमध्ये ३१ गाविसहरुमा सामाजिक परिचालन कार्याक्रम संचालन भएको र ती ३१ वटै गाविसका सबै वडाहरुमा वडा नागरिक मञ्च गठन भएको जानकारी सम्बन्धित डेस्क अफिसरबाट प्राप्त भएको । ३१ गाविसमा ३१ जना सामाजिक परिचालकहरु कार्यरत रहेको र उनिहरुले आ–आफ्नो क्षेत्रको दैनिक क्रियाकलापको मासिक बिबरण जिविसमा पठाउने गरेको प्रतिवेदन अवलोकन गरी एकिन गरिएको । ३१ वटै गाविसमा नागरिक सचेतनाकेन्द्र स्थापना भई क्रियाशिल रहेको समेत मासिक प्रतिवेदनबाट एकिन गरिएको । आ.ब. ०६९।७० मा सामाजिक परचालन कार्यक्रमको लागि रु. २,०९,५०,८२७ बजेट विनियोजन भएकोमा रु. २,०९,३५,७००। बजेट खर्च भएको पाईयो । आ.ब. ०६९।७० मा सामाजिक परिचालकहरुले गरेका कामहरुको एकिकृत वार्षिक प्रतिवेदन तयार गरेको भने पाईएन । | सामाजिक परिचालन डेस्कमा रहेका अभिलेखहरु, आ.प्र.शाखा, सामाजिक विकास शाखा र एमसीपीएम फोकल पर्सन |
| | | | | सामाजिक परिचालन सञ्चालन भएका गा.वि.स.मा कम्तिमा एउटा नागरिक सचेतना केन्द्र स्थापना भई क्रियाशील भएको | ✔ | | | | |
| | | | | सामाजिक परिचालन कार्यक्रमका लागि प्राप्त वजेट मध्ये ८०% भन्दा वढी खर्च भएको | ✔ | | | | |
| | | | | सामजिक परिचालकहरुले गरेका कार्यहरुको एकीकृत वार्षिक प्रतिवेदन तयार गरेको | | ✔ | | | |
| | मापन तालिकाको सवै कोष्ठको छ मा ठीक ( ✔ ) चिन्ह लागेमा २ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने तर आ.व. ०६९/७० को लागि मापन तालिकाको कुनै दुई कोष्ठको छ मा ठीक ( ✔ ) चिन्ह लागेमा २ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने । | | | | | | | | |
| | **स्थानीय निकाय संयुक्त समिति** | ४५ | १ | अन्तर स्थानीय निकाय (जिल्ला/गाविस/नगरपालिका) संयुक्त समिति गठन गरेको | | ✔ | ० | तनहु जि.वि.स.को अन्तर स्थानीय निकाय सयुत्त समिति गठन नभएको र स्थानीय निकायवीच समन्वय पनि भएको देखिदैन। | अन्तर स्थानीय निकायको गठन नभएको |
| | | | | संयुक्त समिति क्रियाशिल भई अन्तर स्थानीय निकाय विच समन्वय भएको | | ✔ | | | |
| | मापन तालिकाको दुवै कोष्ठको छ मा ठीक ( ✔ ) चिन्ह लागेमा १ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने तर आ.व. ०६९/७० को लागि मापन तालिकाको पहिलो कोष्ठको छ मा ठीक ( ✔ ) चिन्ह लागेमा १ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने । | | | | | | | | |
| | **गैर सरकारी संस्था समन्वय र परिचालन** | ४६ | ३ | गैसस समन्वयका लागि जिविसले सम्पर्क अधिकृत वा कर्मचारी तोकेको | ✔ | | घ्खबिरभ्ज्ञ | कार्यक्रम अधिकृत श्री ऋषिभक्त वाग्लेलाई च.नं १६१ मिति ०६९।४।१६ को पत्रबाट गैसस समन्वयको लागि सम्पर्क अधिकृत | जिल्ला परिषद्बाट स्वीकृत बजेट तथा कार्यक्रम पुस्तिका, |

# जिल्ला विकास समिति तनहूँ

**जिविसको आ.व. २०६९।७० को कार्य सम्पादन मापनको मूल्यांकन नतिजा तालिका**

| कार्यक्षेत्र | सूचक | सूचक नं | पूर्णाङ्क | कार्यसम्पादन स्थिति | छ | छैन | प्राप्ताङ्क | सूचकको सम्बन्धमा भएको प्रगति / उपलब्धि | श्रोतहरु |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | जिल्लामा कृयाशिल गैससहरुको फ्रोफाईल तयार गरेको | | ✔ | | तोकिएको ।जिल्लामा सक्रिय भइ जिल्ला परिषद्मा आफ्नो कार्यक्रम पेश गरेका गैससहरु १६ वटा रहेको । तर जिल्लामा दर्ता भएका र अन्यत्र दर्ता भई उक्त जिल्लामा कार्यरत गैससहरुको प्रोफायल तयार गरेको पाईएन । गैससहरुको नविकरणको लागि सिफारिस गर्दा लेखा परीक्षण प्रतिवेदन र प्रगती प्रतिवेदन अनिवार्य रुपमा पेश गर्नुपर्ने प्रावधान राखेको पाईयो । उल्लेखित १६ वटा गैससले आफ्नो आफ्नो बार्षिक कायृक्रम जिल्ला परिषद्मा पेश गरेको र समीक्षा बैठकमा समेत सहभागिता जनाएको अभिलेखबाट पुष्टी भएको । जिल्ला विकास समितिबाट अनुगमन गर्ने क्रममा ती गैससहरुबाट संचालन भएका आयोजना/कार्यक्रमहरुको पनि अनुगमन गरेको पाईयो । | वार्षिक समीक्षा प्रतिवेदन ।<br>ऋनुगमन प्रतिवेदन |
| | | | | गत आ.व.मा नविकरणका लागि सिफारिस गर्दा लेखापरीक्षण प्रतिवेदन र प्रगती प्रतिवेदनका आधारमा गर्ने गरेको | ✔ | | | | |
| | | | | गत आ.व.को वजेट तथा कार्यक्रम जिल्ला विकास योजनामा समावेश भई समिक्षा समेत गरेको | ✔ | | | | |
| | | | | गत आ.व.मा संचालित जिल्ला विकास योजनामा समावेश भएका कार्यक्रमहरुको अनुगमन गरेको | ✔ | | | | |
| | मापन तालिकाको सवै कोष्ठको छ मा ठीक ( ✔ ) चिन्ह लागेमा ३ अंक, कोष्ठ , कुनै चार कोष्ठको छ मा ठीक ( ✔ ) चिन्ह लागेमा २ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने तर आ.व. ०६९/७० को लागि मापन तालिकाको कुनै तीन कोष्ठको छ मा ठीक ( ✔ ) चिन्ह लागेमा ३ अंक, कोष्ठ , कुनै दुई कोष्ठको छ मा ठीक ( ✔ ) चिन्ह लागेमा २ र अन्य अवस्थामा ० अंक प्रदान गर्ने । | | | | | | | | |
| संगठन व्यवस्थापन र कार्य जिम्मेवारी कार्यक्षेत्रको जम्मा | | | | | | | घघघ | ३ख्रिभ१ | |

| | |
|---|---|
| कुल जम्मा | घघ |
| सफल कार्यक्षेत्रको संख्या | ३ |
| असफल कार्यक्षेत्रको संख्या | ० |

| | | | |
|---|---|---|---|
| वित्तीय व्यवस्थापन विज्ञ : | | स्थानीय शासन विज्ञ : | |
| नाम : | | नाम : | |
| मिति: | | मिति : | |